# मण्डनदेउपुर नगरपालिका


**स्थानीय राजपत्र**

**खण्ड- ७ मण्डनदेउपुर, असार ०२ गते, २०८१ साल संख्याः ११**


## भाग-२

## मण्डनदेउपुर नगरपालिकाको विद्यालय शिक्षासिकाइ उपलब्धि सुधारका लागि पेशाविद् सेवासञ्चालन कार्यविधि, २०८०

*नगर सभाबाट पारित मितिः २०८०/०९/२६*
*प्रमाणित गरेको मितिः २०८०/०९/२६*

**प्रस्तावनाः**

मण्डनदेउपुर नगरपालिकाको विद्यालय शिक्षामा पहुँच, गुणस्तर र सक्षमताको अभिवृद्धि गर्दै विद्यालयलाई सिकाइको केन्द्रका रुपमा विकास गर्न, विद्यार्थीको सिकाइ उपलब्धि सुधारका लागि शिक्षकको पेशागत विकासमा सहजीकरण गरी सहायता प्रणालीको विकास तथा परिचालन मार्फत विद्यालयको समग्र शैक्षिक गुणस्तरमा सुधार गर्न बाञ्छनीय भएकाले,

मण्डनदेपुर मण्डनदेउपुर नगरपालिका स्थानीय शिक्षा ऐन, २०७४ को दफा ६२ ले दिएको अधिकार एवम् शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरेको सिकाइ उपलब्धि सुधारका लागि पेसागत सहायता कार्यविधि, २०८० को प्रयोग गरी नगरकार्यपालिकाकले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम " मण्डनदेउपुर नगरपालिकाको विद्यालय शिक्षासिकाइ उपलब्धि सुधारका लागि पेशाविद् सेवा सञ्चालन कार्यविधि, २०८०" रहेको छ। (२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) "ऐन" भन्नाले मण्डनदेउपुर नगरपालिका स्थानीय शिक्षा ऐन, २०७४ लाई सम्झनु पर्दछ।

ख) "नियमावली" भन्नाले मण्डनदेउपुर शिक्षा नियमावली, २०७४ लाई सम्झनु पर्दछ।

ग) "नगरपालिका" भन्नाले मण्डनदेउपुर नगरपालिकालाई सम्झनु पर्दछ।

घ) "कार्यपालिका" भन्नाले मण्डनदेउपुर नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

ङ) "प्रमुख" भन्नाले मण्डनदेउपुर नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ।

च) "उपप्रमुख" भन्नाले मण्डनदेउपुर नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्दछ।

छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मण्डनदेउपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्न तोकिएको अधिकृतलाई सम्झनु पर्दछ

ज) "विषय संयोजक" भन्नाले कार्यपालिका अन्तर्गतको सामाजिक विकास सम्बन्धी विषयक्षेत्र हेर्ने समितिको संयोजक सम्झनु पर्दछ।

झ) "शाखा प्रमुख" भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख सम्झनु पर्दछ।

ञ) "अधिकृत" भन्नाले यसै नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा कार्यरत अधिकृत कर्मचारी सम्झनु पर्दछ।

ट) "शिक्षा शाखा" भन्नाले मण्डनदेउपुरनगर कार्यपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्छ।

ठ) "विषय विज्ञ" भन्नाले शिक्षण सिकाइको सहजीकरणको लागि यसै कार्यविधि बमोजिम नियुक्ति  पेशाविद् सम्झनु पर्छ।

ड) "विद्यालय व्यवस्थापन समिति" भन्नाले मण्डनदेउपुर नगरपालिका भित्रका सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ।

ढ) "प्रधानाध्यापक" भन्नाले मण्डनदेउपुर नगरपालिका भित्रका सामुदायिक विद्यालयका प्रधानाध्यापक सम्झनु पर्छ।

## परिच्छेद-२

## उद्देश्य

३. **उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन्-

(क) योग्य र सक्षम विषय विज्ञको व्यवस्था गरी विद्यालयको प्रभावकारी निरीक्षण तथा सुपरिवेक्षण गर्ने,

(ख) विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार गर्ने,

(ग) उपलब्ध शैक्षिक सेवा सुविधाको परिचालन गरी अधिकतम उपलब्धी हासिल गर्ने,

(घ) शिक्षकको पेशागत विकास तथा सहयोग सम्बन्धी कार्य गर्न सहजीकरण गर्ने,

(ङ) मण्डनदेउपुर नगरपालिका अन्तर्गतका विद्यालयहरुको समग्र शैक्षिक पक्ष र गुणस्तरमा सुधार गर्ने ।

## परिच्छेद-३

## विषय विज्ञ सम्बन्धी व्यवस्था

४. **विषय विज्ञ सम्बन्धी व्यवस्था** (१) नगरपालिकाभित्र रहेका विद्यालयहरुको शिक्षण सिकाइको अवस्थाको स्थलगत निरीक्षण तथा सुपरिवेक्षण गरी विद्यार्थीको सिकाइमा सुधार गर्न विज्ञान, गणित र अङ्ग्रेजी विषयको एक एक जना विषय विज्ञको व्यवस्था गरिनेछ ।

(२) नगरपालिकाले आवश्यकताका आधारमा नगर कार्यपालिकाको निर्णयबाट नगर सभाबाट बजेट विनियोजन गरी अन्य विषयको विषय विज्ञ थप गर्न सक्नेछ ।

(३) विषय विज्ञ नियुक्त गर्नको लागि कम्तिमा १५ दिनको समय दिई सार्वजनिक सूचना प्रकाशन गरी दस्तखत आह्वान गरिने र प्राप्त हुन आएका दरखास्त मध्येबाट शैक्षिक सुधार योजना प्रस्तुत गर्न लगाइ दफा ५ बमोजिमको योग्यता पुगेका उम्मेदवार मध्येबाट दफा ५ (४) को सिफारिसका आधारमा नियुक्ति गरिनेछ ।

(४) विषय विज्ञ छनौट गर्न प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा नगरकार्यपालिकाले मनोनित गरेको एक जना विषय विशेषज्ञ र शिक्षा शाखा प्रमुख सदस्य रहने गरी तीन सदस्यीय मूल्याङ्कन तथा छनौट समिति गठन गरिनेछ ।

(५) मूल्याङ्कन तथा छनौट समितिको काम, कर्तव्य र अधिकार नगरपालिकाले तोके बमोजिम हुनेछ ।

(६) विषय विज्ञ छनौट प्रयोजनको लागि मूल्याङ्कन तथा छनौट समितिको बैठकमा

आवश्यकता अनुसार अन्य विषय विज्ञ समेत आमन्त्रण गर्न सकिनेछ।

(७) बैठकमा उपस्थित सदस्य र सो प्रयोजनको लागि खटिने कर्मचारीले पाउने भत्ता र पारिश्रमिक नियमानुसार हुनेछ।

(८) विषय विज्ञ छनौटका आधार अनुसूचीमा व्यवस्था भए बमोजिम हुनेछ।

(९) मूल्याङ्कन तथा छनौट समितिले सबैभन्दा बढि अङ्क प्राप्त गरेको उम्मेदवारलाई नियुक्तिको लागि नगरपालिकामा सिफारिस गर्नेछ।

५. **विषय विज्ञको योग्यता सम्बन्धी व्यवस्था** (१) देहाय वमोजिम योग्यता पुरा भएको व्यक्ति विषय विज्ञको पदमा नियुक्तिका लागि उम्मेदवार हुन योग्य हुनेछः

(क) नेपाली नागरिक

(ख) २५ वर्ष उमेर पुरा भई ५५ वर्ष उमेर ननाघेको

(ग) प्रचलित कानुनले अयोग्य नभएको

(घ) कुनै राजनैतिक दलको सदस्य नभएको

(ङ) लाभको पदमा नरहेको र कुनै संघसंस्थामा पूर्णकालिन काम नगरेको

(च) शिक्षा शास्त्रमा सम्बन्धित विषयमा न्यूनतम स्नातकोत्तर तह उत्तीर्ण गरी वा अन्य संकायमा स्नातकोत्तर उत्तीर्ण गरी शिक्षा शास्त्रमा स्नातक वा दश महिने सेवाकालिन तालिम प्राप्त गरेको

(छ) माध्यामिक शिक्षकको पदमा कम्तिमा पाँच वर्ष अनुभव हासिल गरेको वा नेपाल शिक्षा सेवाको अधिकृतस्तरको पदमा कम्तिमा पाँच वर्ष सेवा गरेको।(शैक्षिक योजना तषा व्यवस्थापन अध्ययन गरेकोलाई प्राथमिकता दिइनेछ।)

६.**विषय विज्ञको नियुक्तिः** (१) मूल्याङ्कन तथा छनौट समितिले सिफारिश गरेको उम्मेद्वारलाई प्रमुख प्रशासकीय अधिकृतले अवधि तोकी करारमा नियुक्ति गर्नेछ।

(२) विषय विज्ञको कार्यक्षेत्र, सेवा शर्त र सुविधा करारमा व्यवस्था भए बमोजिम हुनेछ।

(३) विषय विज्ञको कार्य सन्तोषजनक भई बजेटको सुनिश्चित भएको अवस्थामा उक्त करार नवीकरण हुन सक्नेछ।

(४) विषय विज्ञको कार्य सन्तोषजनक नभएमा वा निजले प्रचलित कानून वमोजिम कार्य नगरेको अवस्थामा नगरपालिकाले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ।

**७. विषय विज्ञको काम, कर्तव्य र अधिकार:** विषय विज्ञको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विषय विज्ञ सामान्यतया प्रशासनिक रुपमा शिक्षा शाखा प्रमुखप्रति र कार्यक्रमगत रुपमा अनुगमन प्रतिवेदन तथा समन्वयको लागि नगर शिक्षा समिति र सामाजिक विकास समितिप्रति उत्तरदायी रहनु पर्ने।

(ख) विद्यालयमा विद्यार्थीको सिकाइ उपलब्धि सुधारको लागि शिक्षकलाई सहयोग गर्ने र क्षमता अभिवृद्धिका लागि सहजकर्ताको भूमिका निर्वाह गर्ने,

(ग) विद्यालय शिक्षासँग सम्बन्धित सूचनाहरू अध्यावधिक गरी राख्ने र आवश्यक सूचना प्रवाह गर्ने,

(घ) नगर शिक्षा योजना, विद्यालय सुधार योजना निर्माण र सामाजिक परीक्षण कार्यमा सहयोग र सहजीकरण गर्ने,

(ङ) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको बैठकमा सहभागी भई विद्यार्थीको सिकाइ उपलब्धि लगायत अन्य शैक्षिक सुधारका विषयमा सुझाव दिने,

(च) विद्यालयहरुमा कक्षाकोठामा अधारित नियमित सपुरीवेक्षण कार्यक्रम बनाई शिक्षा शाखामा पेस गर्ने,

(छ) नगरपालिकाको शिक्षा सम्बन्धी वार्षिक कार्यक्रम कार्यान्वयनमा सहयोग गर्ने,

(ज) शिक्षासँग सम्बन्धित प्रदेश तथा संघीय कानूनले परिलक्षित गरेका विषयहरुलाई कार्यान्वयन गर्न सहजीकरण गर्ने,

(झ) महिनामा कम्तिमा १० वटा विद्यायको निरीक्षण गर्ने त्यस मध्ये कम्तिमा २ वटा विद्यायको सघन अनुगमन गर्ने,

(ञ) शैक्षिक उन्नयन तथा सुधारका लागि आवश्यकतानुसार अनुसन्धात्मक, रचनात्मक, सहयोगात्मक र सुधारात्मक कार्यहरु गर्ने गराउने,

(ट) विद्यालयगत रुपमा कक्षा १ देखि १२ सम्मका परीक्षाफलको नतिजा विश्लेषण गर्ने,

(ठ) प्रत्येक त्रैमासिक रुपमा सिकाइ उपलब्धिको तुलनात्मक विश्लेषण गर्ने र सिकाइ उपलब्धि अभिवृद्धि गर्ने विषयमा विषयगत शिक्षक समूह तथा प्र. अ. बैठकमा छलफल गराइ सुधारको उपाय अवलम्बन गर्ने,

(ड) विद्यालय तथा शिक्षकलाई दिइएको निर्देशन पृष्ठपोषणको अभिलेखीकरण गरी नियमित रुपमा शिक्षा शाखामा जानकारी गराउने,

(ढ) नगरपालिकाबाट दिइएको कार्यादेशभित्र रहि विद्यालय व्यवस्थापन समिति र

प्रधानाध्यापकबाट सम्पादित कार्यको अनुगमन गरी प्रतिवेदन पेश गर्ने,

(ण) विद्यार्थीको सिकाइ उपलब्धि सुधारको लागि शिक्षाकहरुको विषयगत समिति, अनलाइन तथा अफलाइन समूह निर्माण गरी नियमित रुपमा छलफल तथा अन्तरक्रिया सञ्चालन गर्ने,

(त) विद्यालयहरुलाई कक्षागत सिकाइ उपलब्धि वृद्धिको योजना निर्माण गर्न लगाई उक्त योजनाकाो सारांश बनाई शिक्षा शाखामा पेश गर्ने,

(थ) विद्यालयमा सुपरीवेक्षणको क्रममा कक्षा अवलोकन गर्ने, आवश्यकता अनुसार नमूना कक्षा शिक्षण गर्ने र शिक्षकबाट पनि लिने लगाउने व्यवस्था गर्ने,

(द) नमूना कक्षा शिक्षण तथा अवलोकन पश्चात सम्बन्धित शिक्षकसँग छलफल तथा अन्तरक्रिया गरी सुधारको लागि पृष्ठपोषण प्रदान गर्ने सो को अभिलेखीकरण गर्ने,

(ध) पछिल्लो अवलोकन गर्दा निर्देशन तथा सुझाव अनुसार सुधार गरे नगरेको अनुगमन गरी आवश्यकता अनुसार प्र. अ. र विद्यालय व्यवस्थापन समितिमा समेत यस सम्बन्धमा छलफल तथा परामर्श गर्ने,

(न) शिक्षकको पेशागत विकासको कार्यान्वयनका सम्बन्धमा नगरपालिकाले दिएको निर्देशानुसार काम गर्ने,

(प) आवश्यकता अनुसार शिक्षाक तालिम सञ्चालनमा सहयोग गर्ने,

(फ) सेवा क्षेत्रभित्र शिक्षकले प्रत्येक मोड्युल तालिम पुरा गरेको विवरण अद्यावधिक बनाई राख्ने,

(ब) नगरपालिकाले तोके बमोजिमका अन्य कार्य गर्ने ।

(२) विषय विज्ञको अन्य काम, कर्तव्य र अधिकार करारपत्र तथा नगरपालिकाबाट निर्धारण भए बमोजिम हुनेछ ।

## परिच्छेद-४
## विविध

८.**समूह सुपरीवेक्षण सम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाले आवश्यकता अनुसार नगर शिक्षा समितिका पदाधिकारीहरु, सामाजिक विकास समितिका पदाधिकारी, शिक्षा शाखाका कर्मचारी, विषयगत विज्ञ समेतको समूह तयार गरी विद्यालयको निरीक्षण तथा सुपरीवेक्षण गराउन सक्नेछ।

(२) विषय विज्ञ समूहबाट हुने निरीक्षण तथा सुपरीवेक्षण सम्बन्धी अन्य व्यवस्था नगर शिक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ।

९.**आवश्यक थप व्यवस्था गर्न सक्नेः** नगरपालिकाले यस कार्यविधि बमोजिम रहने विषय विज्ञ, विद्यालय निरीक्षण तथा सुपरीवेक्षण, नगरपालिकामा पेश हुने प्रतिवेदन तथा विषय विज्ञको कार्य सञ्चालनका विषयमा आवश्यक थप व्यवस्था गर्न सक्नेछ।

१०. **क्षमता अभिवृद्धि कार्यक्रम गर्न सक्नेः** नगरपालिकाले विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, विषय विज्ञ तथा विद्यालय शिक्षकको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु गर्न सक्नेछ।

११.**आर्थिक स्रोत सम्बन्धी व्यवस्थाः** (१) विषय विज्ञको तलव प्रचलित करार कानून बमोजिम माध्यमिक तह तृतीय श्रेणी सरह हुनेछ। प्रचलित कानून बमोजिमको दैनिक भ्रमण भत्ता, वैठक भत्ता तथा अन्य सुविधा नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाबाट निर्णय गरी उपलब्ध गराउन सकिनेछ।

(२) विषय विज्ञको कार्य गर्ने स्थान, कार्य सञ्चालन सम्बन्धी व्यवस्था र तत् सम्बन्धी हुने खर्च नगरपालिकाबाट व्यवस्था भए बमोजिम हुनेछ।

१२.**करार सम्बन्धी व्यवस्थाः** (१) विषय विज्ञको करार अवधि कार्यसम्पादन सन्तोषजनक देखिएमा सेवा करार नवीकरण गर्न सकिनेछ।

(२) विषय विज्ञले प्राप्त गर्ने अन्य सुविधाका विषय नगरपालिकाबाट निर्धारण भई करारमा उल्लेख भए कमोजिम हुनेछ।

१३. **बाधा अडकाउ फुकाउने अधिकारः** यो कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ पर्न आएमा नगर कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

१४. **व्याख्या गर्ने अधिकारः** यस कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ।

१५. **बचाउः** यस कार्यविधिमा उल्लेख गरेदेखि बाहेकका विषयहरु मण्डनदेउपुर नगरपालिका शिक्षा ऐन, २०७४ तथा मण्डनदेउपुर नगरपालिकाको शिक्षा नियमावली, २०७४ बमोजिम हुनेछ।

## अनुसूची- १

### (दफा ४ को उपदफा ८ सँग सम्बन्धित)

### विषय विज छनोटका आधार

१. विषय विज्ञको छनौट १०० पूर्णाङ्कको आधारमा हुनेछ।

२. पूर्णाङ्क १०० लाई देहाय बमोजिम हुने गरी अङ्क विभाजन गरिएको छः-

(क) प्रस्तावना १५ (सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार योजना)

(ख) प्रस्तुतीकरण १०

(ग) शैक्षिक योग्यता १०

(घ) नेतृत्व सीप १०

(ङ) कार्य अनुभव १०

(च) समूह छलफल १०

(छ) समस्या समाधान सीप १०

(ज) ICT प्रयोग सम्बन्धी सिप १०

(झ) अन्तरवार्ता वापत १५

**जम्मा १००**

उल्लिखित अङ्क प्रदान गर्ने विस्तृतीकरण

**(क) प्रस्तावनाः**

(प्रस्तावना अन्तर्गत नगरपालिका भित्रको विद्यालयहरुको शैक्षिक तथा व्यवस्थापकीय विकाससँग सम्बन्धित रहेर लेख्न पर्नेछ। जसमा देहायका बुदाँहरु उल्लेख भएको हुनु पर्नेछ)

१.पृष्ठभूमि
२. प्रस्तावनाको उद्देश्य
३. प्रस्तावनाको औचित्य
४. प्रस्तावनाको सीमा
५. वर्तमान अवस्था (तथ्यांकगत प्रस्तुती)
६. विद्यालय विकासको रणनीति
७. विद्यार्थीको सिकाइ उपलब्धि कार्ययोजना
८. स्रोत साधनको व्यवस्था

**(ख) प्रस्तुतीकरणः** (यस अन्तर्गत प्रस्तावनामा लेखिएका विषयवस्तुलाई संक्षिप्त रुपमा मूल्याङ्कन तथा छनौट समिति समक्ष प्रस्तुत गर्नु पर्नेछ ।

**(ग) शैक्षिक योग्यताः** (शैक्षिक योग्यताको अङ्क दिदा स्नातकोत्तर प्रथम श्रेणी भए ७, द्वीतीय श्रेणी भए ५ र तृतीय श्रेणी भए ३ दिने र एमफिल वा सो भन्दा बढी भएमा प्रथम श्रेणी भए ३, द्वीतीय श्रेणी भए २ र तृतीय श्रेणी भए १ अङ्क दिने ।)

**(घ) नेतृत्व सीपः** (यस भित्र समूहलाई कसरी नेतृत्व प्रदान गर्न सक्छ भनि समूह छलफलकै क्रममा मूल्याङ्कन गरी अङ्क दिने)

**(ङ) कार्य अनुभवः**

(यस अन्तर्गत सम्बन्धित अनुभवको प्रति वर्ष २ अङ्कको दरले बढीमा १० अङ्क सम्म दिने, चानचुन महिना र गतेको अङ्क नदिने)

**(च) समूह छलफलः** (यस अन्तर्गत कुनै विज्ञ समुह निर्माण गरी विषय विज्ञको निवेदन दिने उमेद्वारहरु बीच नै छलफल गराई मूल्यांकन गरी अङ्क दिने)

**(छ) समस्या समाधान सीपः** (यस अन्तर्गत कुनै शैक्षिक समस्या उमेद्वारलाई दिई समस्यामा निजले दिने तार्किक जवाफको आधारमा मूल्याङ्कन गर्ने)

**(ज) ICT प्रयोग सम्बन्धी सिपः** (यस अन्तर्गत शिक्षण सिकाइ तथा विषय विज्ञले गर्नुपर्ने कामसँग सम्बन्धित गरेर सूचना प्रविधिको आधारभूत ज्ञान सिप मापन गर्ने गरी मापदण्ड बनाइ मूल्याङ्कन गर्ने)

**(झ) अन्तर्वार्ताः**

अ) व्यक्तित्व,

आ) सम्बन्धित विषयको विषयवस्तुको ज्ञान,

इ) तार्किक क्षमता, निर्णय क्षमता र प्रस्तुती शैलीलाई प्रति क्षेत्र बढीमा ५ अङ्कको दरले

१५ अङ्क दिने ।

माथि उल्लेख गरिएको आधारहरु शैक्षिक योग्यता र कार्य अनुभव वापतको अङ्क बाहेक अन्य शीर्षकमा अङ्क दिदा सोको एकीन गरी प्रत्येक विषयमा ३५ प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी अङ्क दिनु परे सोको आधार, कारण र पुष्टयाई समेत उल्लेख गर्नु पर्नेछ । सबै सूचकको मूल्याङ्कनबाट सबैभन्दा बढी अङ्क प्राप्त उम्मेद्वार छनोट गर्नुपर्नेछ । दोस्रो हुने उम्मेद्वार वैकल्पिकको रुपमा नामावली प्रकाशन गर्नुपर्नेछ । मूल्याङ्कनमा कुल अङ्कको ५० प्रतिशत भन्दा कम अङ्क प्राप्त गरेमा नियुक्तिको लागि योग्य हुने छैन । त्यस्तो अवस्थामा उक्त प्रक्रिया रद्द गरी पुन: विज्ञापन गर्नु पर्नेछ ।

**आज्ञाले,**

**(मान बहादुर खड्का)**

**प्रमुख प्रशासकीय अधिकृत**

***मुल्य रु. १० मात्र***